# गोलन्जोर गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## ग्वालटार, सिन्धुली
## बागमती प्रदेश,नेपालको
## आन्तरीक आय संकलन सम्बन्धी कार्यको बोलपत्र/शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।०७।०१**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३ को दफा ११ को उपदफा 'घ' को '६' मा भएको व्यवस्था अनुसार र गोलन्जोर गाउँपालिका, गाउँकार्यपालिकाको बैठकले प्रारम्भिक वातवरणीय परीक्षण (आ.ई.ई) स्वीकृत भएअनुसार आन्तरीक कर संकलनको लागि ठेक्का लगाउनुपर्ने भएकोले उल्लिखित स्थानहरुबाट ढुंगा, बालुवा र गिट्टी उत्खनन् , सकंलन र जिल्ला भित्र तथा बाहिर निकासी गर्न कर उठाउनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म वा संस्थाले तोकिएको तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही प्रथमपटक यो सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३० दिन र शिलबन्दी दरभाउपत्रको हकमा १५ दिनभित्र दरभाउपत्र पेस गर्नुहुन सार्वजनिक आह्वान गरिन्छ ।

१. यस गाउँपालिकाबाट यो सुचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३० दिन र शिलबन्दी दरभाउपत्रको हकमा १५ दिनभित्र प्रोपाइटर वा निजको अधिकृत प्रतिनिधिबाट तोकिए बमोजिमको दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) यस गाउँपालिकाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक निर्माण व्यवसायीले नियमानुसार कागजात दस्तुर तिरेको रसिद पेश गरी निवेदन दिनु पर्नेछ । निवेदन साथ उद्योग दर्ता प्रमाण पत्र, ठेक्का(इजाजत) प्रमाणपत्र,आयकरको स्थायी लेखा नम्बर, करमा दर्ता भएको प्रमाणपत्र र गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. खरिद गरिएका दरभाउपत्र फारम नियमानुसार भरी सुचना प्रकाशित भएको मितिले बोलपत्रको हकम ३१औं र शिलबन्दी दरभाउपत्रको हकमा १६ औं दिनको १२: ०० बजे भित्र यस गाउँपालिकामा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका दरभाउपत्रहरु बोलपत्रको हकम ३१औं र शिलबन्दी दरभाउपत्रको हकमा १६ औं दिनको २:०० बजे यस गाउँपालिकामा उपस्थित दरभाउपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रहोबरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगतै गाउँपालिका खुलेको दिन दरभाउपत्र खरिद गर्न र बुझाउन सकिनेछ ।

५. दरभाउपत्र खाम बाहिर दरभाउपत्र नं.,दाखिला गर्ने कार्यालयको नाम,कामको विवरण र दरभाउपत्र दाताको नाम,ठेगाना र फोन नं. स्पष्ट लेखिएको हुनुपर्नेछ ।

६. दरभाउपत्र जमानत वापत कबोल गरेको अकंको ५ % हुन आउने रकम यस गाउँपालिकाको सिद्धार्थ बैक ग्वालटार शाखा सिन्धुलीमा रहेको धरौटी खाता नं. ०२११५०८२७४५ मा जम्मा भएको सक्कलै भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा बोलपत्रको हकमा ९० दिन र शिलबन्दी दरभाउपत्रको हकमा ४५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकहरुबाट यस गाउँपालिकाको नाममा जारी भएको जमानीपत्र पेश गर्नु पर्नेछ । सम्झौता भएपछि मात्र जमानत बापतको रकम फिर्ता हुनेछ ।

७. दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

८. एउटा फर्मको नामबाट खरिद गरिएको दरभाउपत्र अर्को फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

९. दरभाउपत्र दाताले दरभाउपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर सहितको दरभाउपत्र पेश गर्नु पर्नेछ ।

१०. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु दरभाउपत्र दाता स्वयमले बुझाउनुपर्नेछ ।

११. कुनै सर्त राखी पेश गरेको दरभाउ उपर कारवाही हुनेछैन ।

१२. सुचना शर्त विपरित भएको, गाउँपालिकाबाट उपलब्ध गराइएको दरभाउपत्र फारममा कुनै थपघट गरेको, रित नपुगेको, म्याद नाघी पेश हुन आएकोदरभाउपत्र उपर कुनै कारवाही हुने छैन तथा दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहने छ ।

१३. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

१४. अन्य थप जानकारीको लागि यस गाउँपालिकामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | उत्खनन् गर्न मिल्ने बार्षिक परीमाण ( घ.मि.) | न्यूनतम कबोल अकं (रु.) (मु.अ.कर बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०५/०७९/८० | आन्तरीक आय संकलन(गोलन्जोर गाउंपालिका अर्न्तगत रहेको सुनकोशी नदीबाट ढुंगा,बालुवा,गिट्टी संकलन तथा उत्खनन्) सम्बन्धी कार्य | २१४० | ६,७९,४९२।८० | १०००।- |
| २ | ०६/०७९/८० | आन्तरीक आय संकलन (गोलन्जोर गाउंपालिका अर्न्तगत रहेको वाक्सु खोला बाट ढुंगा,बालुवा,गिट्टी संकलन तथा उत्खनन) सम्वन्धि कार्य | ३३६ | १,०६,६८६।७२ | १०००।- |
| ३ | ०७/०७९/८० | आन्तरीक आय संकलन (गोलन्जोर गाउंपालिका अर्न्तगत रहेको ट्याउ खोला बाट ढुंगा,बालुवा,गिट्टी संकलन तथा उत्खनन) सम्वन्धि कार्य | १५४० | ४,८८,९८०।८० | १०००।- |
| ४ | ०८/०७९/८० | आन्तरीक आय संकलन (गोलन्जोर गाउंपालिका अर्न्तगत रहेको वितिजोर खोला बाट ढुंगा,बालुवा,गिट्टी संकलन तथा उत्खनन) सम्वन्धि कार्य | ३६०० | ११,४३,०७२।- | १०००।- |
| ५ | ०९/०७९/८० | आन्तरीक आय संकलन (गोलन्जोर गाउंपालिका अर्न्तगत रहेको बन्दीजोर खोला बाट ढुंगा,बालुवा,गिट्टी संकलन तथा उत्खनन) सम्वन्धि कार्य | ९००० | २८,५७,६८०।- | ३०००।- |
| ६ | १०/०७९/८० | आन्तरीक आय संकलन (गोलन्जोर गाउंपालिका अर्न्तगत रहेको सुगुरे खोला बाट ढुंगा,बालुवा,गिट्टी संकलन तथा उत्खनन) सम्वन्धि कार्य | ८०० | २,५४,०१६।- | १०००।- |
| ७ | ११/०७९/८० | आन्तरीक आय संकलन (गोलन्जोर गाउंपालिका अर्न्तगत रहेको अंधेरी खोला बाट ढुंगा,बालुवा,गिट्टी संकलन तथा उत्खनन) सम्वन्धि कार्य | २९८० | ९,४६,२०९।४६ | १०००।- |